म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- ९७ २०८० फागुन १३ गते आइतबार 25 February 2024, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

BUDDHA Bar & Restaurant
HAADI BIRYANI
RS. 399
MANY MORE FOODS TO KILL YOUR HUNGER
Hetauda-4, School Road
buddha bar & restaurant
For Delivery 9802923576

जिल्लामा ५८४ विद्यालय

विज्ञान प्रदर्शनीमा सहभागी विद्यालय २

विज्ञान प्रदर्शनीको अवलोकन गरिँदै ।

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लामा सरकारी र निजी गरी पाँच सय ८४ वटा विद्यालय छन् । शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले आयोजना गरेको विज्ञान प्रदर्शनीमा एउटा सरकारी एउटा निजी विद्यालय गरी जम्मा दुईवटा मात्रै विद्यालय सहभागी भएका छन् । हेटौंडा-२ स्थित सिद्धार्थ माविको हलमा बुधबार भएको जिल्लास्तरीय विज्ञान प्रदर्शनीमा सहभागी हुन सबै विद्यालयलाई निमन्त्रणा गरेपनि २ वटा विद्यालय मात्रै सहभागी भएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरकी अधिकृत उन्नति ढकालले बताउनुभएको छ ।

हेटौंडा-२ स्थित बालजागृति इंग्लिस बोर्डिङ र ईन्द्रसरोवर गाउँपालिकाबाट महाचुनी मावि मात्रै प्रतियोगितामा सहभागी भएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरकी शाखा अधिकृत उन्नति ढकालले जानकारी दिनुभयो । प्रतियोगितामा बालजागृति इंग्लिस सेकेण्डरी स्कूल प्रथम भएको छ भने महाचुनी मावि द्वितीय भएको छ । प्रथम हुने बालजागृतिले ५ हजार रुपैयाँ र द्वितीय हुने महाचुनी माविले ३ हजार रुपैयाँ नगद राशी पुरस्कार पाएको शाखा अधिकृत ढकालले जानकारी दिनुभयो । प्रथम हुने विद्यालय प्रदेशस्तरीय प्रतियोगितामा समेत सहभागी हुनेछ ।

पालिकास्तरीय प्रतियोगिता आयोजना गरेर जिल्लास्तरीय प्रतियोगिता हुनुपर्नेमा पालिकास्तरीय प्रतियोगिता नै नहुनुले न्यून सहभागिता रहेको विज्ञान शिक्षक समाज मकवानपुरका अध्यक्ष खेमराज लामिछानेले बताउनुभएको छ । समन्वय इकाईले पर्याप्त समन्वय गर्न नसक्नु र पालिकाको शिक्षा महाशाखा, शाखाले पनि आवश्यक समन्वय र पालिकास्तरीय प्रतियोगिता गर्न नसक्नुले कम सहभागिता रहेको उहाँको भनाइ छ । गत वर्ष विज्ञान शिक्षक समाजकै सल्लाहअनुसार पालिकास्तरीय प्रतियोगितापछि जिल्लास्तरीय प्रतियोगिता आयोजना गर्ने भनिए पनि यस पटक पालिकास्तरीय प्रतियोगिता हुँदा लामिछानेले आफूलाई पनि जानकारी नभएको दावी गर्नुभयो ।

कार्यक्रमा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाको शिक्षा महाशाखाका प्रमुख हरिचन्द्र सापकोटाको पनि आतिथ्य रहेको थियो ।

बारामा मकवानपुरले जित्यो टि-२० क्रिकेट उपाधि

PRAGATISHIL T20 CHAMPIONSHIP
CHAMPIONS
PRAGATISHIL T20 CHAMPIONSHIP
Winner

उपाधिसाथ मकवानपुर जिल्लाको क्रिकेट टिम ।

समाज संवाददाता

हेटौंडाः बारा जिल्लामा शनिबार सम्पन्न प्रगतिशील टि-२० क्रिकेट प्रतियोगिताको उपाधि मकवानपुर जिल्लाको क्रिकेट टिमले जितेको छ । फाइनल खेलमा रौतहट जिल्लाको क्रिकेट टिमलाई १ सय १ रनको विशाल अन्तरले पराजित गर्दै मकवानपुरले उपाधि जितेको हो । उपाधिसहित मकवानपुरले ५० हजार रुपैयाँ नगद, सिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेता रौतहटले ३० हजार नगदसहित सिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ ।

टस जितेर फिल्डिङको निम्तो पाएको मकवानपुरले निर्धारित २० ओभरमा २ विकेटको क्षतिमा १ सय ९८ रन जोड्यो । मकवानपुरका लागि शुभ कंशाकारले ९८ रनको योगदान गरे भने गौरव खड्का ७२ रन बनाएर अविजित रहे । जवाफी ब्याटिङमा उत्रिएको रौतहटले १३ ओभर ४ बलमा सबै विकेट गुमाएर ९७ रन मात्रै जोड्न सक्यो । रौतहटलाई सस्तैमा समेट्ने क्रममा मकवानपुरका रोहित ठाकुरले ४ विकेट लिए भने विशाल फुयाँल र असीम श्रेष्ठले २/२ विकेट लिए ।

फाइनल खेलको प्लेयर अफ द म्याच र प्रतियोगिताकै उत्कृष्ट खेलाडी मकवानपुरका शुभ कंशाकार घोषित भए । मकवानपुरका असीम श्रेष्ठ प्रतियोगिताको उत्कृष्ट बलर घोषित भए । बारा जिल्लाको डुमरवानामा स्थानीय प्रगतिशील युवा क्लबको आयोजनामा चौथो प्रगतिशील टि-२० क्रिकेट प्रतियोगिता भएको हो । मकवानपुरले समूह चरणमा आयोजक प्रगतिशील युवा क्लब र पर्सा जिल्ला क्रिकेट टिमलाई पराजित गर्दै फाइनल प्रवेश गरेको थियो ।

आजबाट दादुरा-रुबेलाविरुद्धको खोप लगाइँदै

समाज संवाददाता

हेटौंडाः दादुरा-रुबेलाविरुद्धको खोप आज आइतबारबाट लगाइँदैछ । खोप आजबाट १९ गते शनिबारसम्म सञ्चालन हुनेछ । मकवानपुर जिल्लामा ५ सय २० वटा खोप केन्द्रबाट खोप लगाइनेछ ।

दादुरा-रुबेला खोप अभियानमा ९ महिनादेखि ५ वर्षसम्मका बालबालिकालाई खोप लगाइनेछ । खोपका कारण भइरहेको मृत्युदरलाई कम गर्ने उद्देश्यले स्वास्थ्य मन्त्रालयले अभियान सञ्चालनमा गर्न

....बाँकी पृष्ठ ३ मा

निर्णयपछि दरबन्दी मिलानमा पुनर्विचार गर्दै उपमहानगर

कोइरालाको संयोजकत्वमा कार्यदल गठन

PALPASA PARADISE HOME Hetauda-2
नेपाल शिक्षक संघ
Nepal Teachers' Association
१२ औं जिल्ला प्रतिनिधि सभा

समाज संवाददाता

हेटौंडाः प्राथमिक तहको शिक्षक दरबन्दी मिलानके निर्णय गर्नुअघि सरोकारवाला र सम्बन्धित विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिका अध्यक्षसँग आवश्यक समन्वय नगरेको हेटौंडा उपमहानगरपालिकाको तीव्र आलोचनापछि शिक्षक दबरन्दी मिलानको प्रक्रियालाई पुनर्विचार गर्ने चरणमा पुगेको छ ।

शुक्रबार बिहान नगरप्रमुख मीनाकुमारी लामा, उपप्रमुख राजेश बानियाँ, सामाजिक विकास समितिका संयोजक रामकृष्ण कोइराला, शिक्षा विकास महाशाखाका प्रमुख हरिचन्द्र सापकोटा र उपमहानगरको विज्ञ सल्लाहकार कृष्ण धितालसँग शिक्षक महासंघ र विभिन्न शिक्षक संगठनका प्रतिनिधिले वार्ता गरेका थिए । शिक्षक महासंघ र संगठनका नेतृत्वले नगरप्रमुखसँग मात्रै वार्ता गर्ने अडानपछि नगरप्रमुख, उपप्रमुखसहित पाँचैजनासँग छलफल भएको शिक्षक संगठनका एक नेताले जानकारी दिनुभयो ।

"दरबन्दी मिलानको विषयमा सरोकावालासँग समन्वय र सल्लाह नै नभएको सन्दर्भमा पालिकाको निर्णयको तीव्र आलोचना भयो । आलोचनापछि पालिकाको तर्फबाट पहल भएपछि शुक्रबार बिहान पालिकाका शीर्ष पाँचजनासँग बसेर कुराकानी गर्‍यौं", शिक्षक नेताले भन्नुभयो, "दरबन्दी मिलानसम्बन्धी एकलौटी निर्णय पुनरावलोकन हुने निश्चित भएपछि मात्रै वार्तामा बस्ने शर्तमा सहमतिपछि शुक्रबार बिहान बसेका हौं ।" शुक्रबारको छलफलबाट उपमहानगरको सामाजिक विकास समितिका संयोजक रामकृष्ण कोइरालाको संयोजकत्वमा शिक्षक महासंघको नगर अध्यक्ष र विभिन्न संगठनका नेतृत्वको सहभागितामा कार्यदल गठन भएको छ ।

फागुन महिनाभित्र दरबन्दी मिलानको प्रक्रियालाई निश्कर्षमा पुर्‍याउने गरी छलफल सुरु गरिएको बताइएको छ । शनिबार साँझ पनि कार्यदलको बैठक बसेको बताइएको छ । हेटौंडा उपमहानगर पालिकाले नगर शिक्षा समितिको गत असोज १२ गतेको निर्णयअनुसार प्राथमिक तहको शिक्षक दरबन्दी मिलान गर्ने निर्णय गत माघ १९ गते प्रधानाध्यापकहरुको सामाजिक सञ्जालको समूहमा सार्वजनिक गरेको थियो । शिक्षकको दरबन्दी मिलानको विषयमा सरोकारवालासँग छलफल नभएको र आमरुपमा जानकारी नभएको भनी आलोचना हुँदा नगरप्रमुख मीना कुमारी लामाले सरोकारवाला र शिक्षक संगठनसँग छलफलको आवश्यकता नै नभएको जीकिर गर्नुभएको थियो । सम्बन्धित विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिका अध्यक्षहरुको तीव्र आलोचनापछि नगरप्रमुख निर्णयबाट पछि हट्दै सरोकारवालासँग छलफलमा आउनुभएको हो ।

HIRACHAN– BANIYA JV

Hetauda, Makawanpur, Nepal. Tel: +977-057- 520370 E-mail: info@baniyagroup.com.np,PAN:615111568

प्रेस विज्ञप्ति

यस हिराचन बानियाँ जेभी र मनहरी गाउँपालिका रजैया मकवानपुरबीच ठेक्का सम्झौता भई यस जेभीले पुल निर्माण कार्य गर्दै आएकोमा अचानक मिति २०८०/११/११ गते निर्माणस्थलमा पाँच दल (नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा एकीकृत समाजवादी) का प्रतिनिधिहरुले मिति २०८० साल चैत ३० गतेसम्म समय अवधी रहेको अवस्थामा यस निर्वाचित जनप्रतिनिधिहरुको तस्विरसहित ब्यानर टाँस गरेर कार्य अवरोध गर्दा यस जेभीले निर्माण कार्य निर्धारित समयमा सम्पन्न गर्न लिएको लक्ष्यमा गम्भीर प्रभाव पारेको छ ।

यस हिराचन बानियाँ जेभीले निर्माण जिम्मा लिएको मनहरी गाउँपालिका वडा नं. २, ३ र ४ स्थित खोलाको पुलहरुको कार्यप्रगति तपशिल बमोजिम रहेको अवगत गराउन चाहन्छौं ।

कार्य विवरण	सम्पन्न भएको कार्यको प्रतिशत	कार्य सम्पन्न हुने म्याद
मसिने खोला पुल	८८% कार्य सम्पन्न भएको	२०८० चैत मसान्तभित्र सम्पन्न गरी हस्तान्तरण गर्ने प्रतिवद्धता
ट्वाङ्गा खोला पुल	९५% कार्य सम्पन्न भएको	२०८० चैत मसान्तभित्र सम्पन्न गरी हस्तान्तरण गर्ने प्रतिवद्धता
च्यापल खोला पुल	७०% कार्य सम्पन्न भएको	२०८० चैत मसान्तभित्र सम्पन्न गरी हस्तान्तरण गर्ने प्रतिवद्धता
ठाडो खोला पुल	६०५% कार्य सम्पन्न भएको	२०८१ बैशाख मसान्तभित्र सम्पन्न गरी हस्तान्तरण गर्ने प्रतिवद्धता

यसअघि पनि राजनैतिक आवरण दिँदै केहि व्यक्तिले सामाजिक सञ्जालमा बिना आधार टिकाटिप्पणी गरेर पुल निर्माण सम्बन्धी कार्य प्रगतिबारे भ्रमपूर्ण ढंगले अफवाह फैलाउने काम गरिरहेकोमा अहिले जिम्मेवार राजनैतिक दलका प्रतिनिधिले पनि सम्बन्धित पक्षसँग छलफल र समन्वय नगरी यथार्थ जानकारी नलिई विरोध गरेकोप्रति गम्भीर ध्यानाकर्षण भएको छ । निर्माणस्थल राष्ट्रिय निकुञ्जको क्षेत्राधिकार भित्र पर्ने भएकाले आउने प्राविधिक कठिनाई, बर्षायाममा बाढिका कारण निर्माणस्थलमा भएको क्षति, ढुंगा गिट्टी, बालुवा जस्ता निर्माण सामग्रीको उपलब्धतामा भइरहेको कठिनाई लगायतका असहजतालाई झेल्दै काम गरिरहेको परिस्थितिमा पनि हामीले प्रतिवद्धता गरेकै समयमा काम सम्पन्न गर्ने ढंगले कार्यप्रगति गरिरहेको सम्पूर्ण सरोकारवालाहरु समक्ष जानकारी गराउँदछौं । साथै अनर्गल प्रचारबाजीमा नलागी सम्वाद र सहमतिमार्फत निर्माण कार्य अघि बढाउन सहज वातावरणका लागि सहयोग र सहकार्य गरिदिनुहुन सम्पूर्ण राजनैतिक दल, नागरिक समाज र सरोकारवाला निकायसँग यस जेभी आग्रह समेत गर्दछ ।

अन्त्यमा, यस जेभीसँग आजको मितिमा कानूनी रुपमा सामेल नरहनु भएका त्यस क्षेत्रका माननीय ईन्द्रबहादुर बानियाँको नाम जोडेर भएको अनर्गल प्रचारबाट उहाँको राजनैतिक एवम् सामाजिक प्रतिष्ठामा पुग्न गएको क्षतिप्रति दुःख व्यक्त गर्दै गलत प्रचारको भ्रममा नपर्नु हुन सम्पूर्ण महानुभावहरुमा आग्रह गर्दछौं ।

ऋषिराज बानियाँ
आधिकारिक प्रतिनिधि

सम्पादकीय

समयमै काम गरौं

मुलुकमा सार्वजनिक संरचनाको विकास निर्माणको अवस्था निराशाजनक बनिरहेको छ । सडक, पुल, खानेपानी, विद्युत्, सिंचाई, भवनलगायत सबै प्रकारका पूर्वाधार निर्माणको काम निर्धारित समयमा सम्पन्न नहुँदा धेरै समस्या हुने गरेको छ । समयमै काम नहुँदा विकास बजेट फ्रिज हुनुका साथै निर्माण लागत वृद्धि हुने गरेको छ । समयमा काम नगरी अन्तिममा हतारहतार काम गर्दा कुनै पनि योजना दिगो र प्रभावकारी बन्न सकिरहेको छैन । विकासको यस्तो उल्टो मोडेलले धेरै आयोजनाहरु निर्माण सम्पन्न नहुँदै धराशायी र शिथिल बन्ने गरेको थुप्रै उदाहरणहरु छन् । एकदेखि दुई वर्षसम्म निर्माण सम्पन्न हुनुपर्ने साना तथा मझौला विकास निर्माणका कामहरु चार-पाँच वर्षसम्म पनि पूरा नहुने अवस्थाले आम नागरिकलाई पनि विभिन्न बाधा परिरहेको छ । तीन-चार वर्षमा सम्पन्न गर्नुपर्ने ठूला स्तरका पूर्वाधार निर्माणको काम दशकौंसम्म पनि सम्पन्न हुन नसक्दा सरकारले अर्बौं रुपैयाँ थप गर्नुपर्ने अवस्था बनिरहेको छ ।

मकवानपुरको मनहरी गाउँपालिकाको विभिन्न स्थानमा पुल निर्माणको ठेक्का लिएको कम्पनीले समयमा काम नगरेपछि ५ राजनीतिक दलले विरोधस्वरुप बागमती प्रदेशसभा सदस्य ईन□बहादुर बानियाँको तस्वीरसहित ब्यानर राखेपछि त्यसले चर्चा पाइरहेको छ । मनहरी गाउँपालिकामा पुलको ठेक्का लिएर समयमा काम सम्पन्न नगरेको भन्दै नेकपा एमाले, नेकपा माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेकपा एकीकृत समाजवादी पार्टीले बानियाँको फोटोसहितको ब्यानर राखेर शुक्रबार बिरोध प्रदर्शन गरेका हुन् । बिरोधको क्रममा प्रदेशसभा सदस्य बानियाँसहित अन्य २ जनाको तस्वीरसहितको ब्यानर राखिएपछि उक्त ठेक्कामा आफ्नो कुनै संलग्नता नरहेको बानियाँले प्रष्ट पारेका छन् । नाताले भतिज पर्नेहरुले लिएको ठेक्काका विषयमा आफ्नो फोटो राखेकोमा बानियाँले आपत्ति जनाएका हुन् । मनहरी गाउँपालिकाभित्रका ४ वटा पुल निर्माण गर्ने जिम्मेवारी पाएको हिराचन/बानियाँ जेभी कम्पनीमा आफू कानुनीरुपले संलग्न नरहेको बानियाँको दाबी छ ।

पुल निर्माणको ठेक्का लिएर तोकिएको समयमा काम सम्पन्न नभएपछि त्यसको बिरोध हुनु स्वभाविक हो । समयमै पुल निर्माण गर्न दबाब दिने उद्देश्यले गरिएको बिरोधका क्रममा ब्यानरमा सांसद बानियाँको तस्वीर राखेको विषय राजनीतिक दाउपेच होला । यसलाई ब्यानरमा तस्वीर राखेर बिरोध गर्ने राजनीतिक दल र त्यसको भर्त्सना गर्ने र आपत्ति जनाउने दल तथा व्यक्तिहरुले नै जिम्मेवारी लिनुपर्छ, लेलान् । तर, आम नेपालीले बुझ्ने विषय भनेको यति समयभित्र काम सम्पन्न गर्छु भनेर कामको जिम्मा लिएपछि तोकिएको समयमा काम सम्पन्न गर्नुपर्छ । यदि कुनै विशेष कारणवश काम सम्पन्न गर्न बाधा पुगेको भए त्यसको बारेमा सार्वजनिक जानकारी निर्माण कम्पनीले दिनुपर्छ । तोकिएको समयमा काम सम्पन्न नहुनुका उपयुक्त कारणसहित आयोजना निर्माणस्थलमा आयोजनासँग सम्बन्धित निकायका प्रतिनिधि र स्थानीय सरोकारवालालाई सार्वजनिकरुपमा सूचित गरिनुपर्छ । साथै, कहिलेसम्म काम सम्पन्न हुने हो त्यो स्पष्ट पार्नुपर्छ ।

सार्वजनिक विकास निर्माणका कार्यहरु गर्दा कार्यस्थलमा सूचनापाटी टाँस गर्ने गरिन्छ । उक्त सूचनापाटीमा निर्माण हुने आयोजनाको नाम, निर्माण सुरु र सम्पन्न हुने मिति, आयोजनाको लागत, निर्माण कार्य गर्ने व्यक्ति, समिति वा कम्पनीको नामलगायत विवरण हुन्छन् । आयोजना सुरु गर्दा सूचना दिएजस्तै तोकिएको समयमा निर्माण सम्पन्न नभएपछि के हुँदैछ भन्ने जानकारी सार्वजनिकरुपमा दिनुपर्छ । अधिकांश विकास निर्माणका काममा ठेकेदार र सम्बन्धित सरकारी निकायबीच हुने कमिसनको खेलका कारण काम समयमै नहुने गरेको आरोप लाग्ने गरेको छ । सार्वजनिक निर्माणको क्षेत्रमा लाग्ने गरेको यस्तो आरोपबाट बच्न आयोजना तोकिएको समयमा पूरा गर्नुपर्छ । उचित कारणबाट आयोजना समयमा निर्माण हुन नसकेको हो भने समयमै त्यसको सार्वजनिक जानकारी दिनुपर्छ । अन्यथा, समयमै काम सम्पन्न गर्न नसक्नेलाई कानुनी कारबाही गर्नुपर्छ ।

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय	५२०४९५	फापरबारी इलाका	६२१९८०
जिल्ला प्रहरी कन्ट्रोल	१००	चित्लाङ इलाका	६२१०००
ट्राफिक प्रहरी	१०३	वारुण यन्त्र	१०१
वडा प्रहरी	५२०२९९	बालबालिका खोजतलास केन्द्र	१०४
पशुपतिनगर इलाका	५२०५९८	बाल हेल्पलाइन	१०९८
मनहरी इलाका	९८५५०९०१६१	हेलो सरकार	११११
भीमफेदी इलाका	६९१४६२	नेपाल टेलिकम सोधपुछ	१९७
पालुङ इलाका	६२०४६७		

तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष : कार्यक्षेत्रमा खुशी र आनन्दको वातावरण बढ्ला ।
वृष : इष्टमित्र दाजुभाइसँगबाट सहयोग प्राप्त होला ।
मिथुन : आत्मविश्वासमा वृद्धि हुने समय योग छ ।
कर्कट : नयाँ योजना कार्यान्वयन हुने समय योग छ ।
सिंह : दुःखको समाचारले मन विचलित होला ।
कन्या : शेयर कारोबारमा लगानी बढ्ने समय छ ।
तुला : प्रतिस्पर्धीसँग विजय प्राप्त हुने समय छ ।
वृश्चिक : आफन्त र साथीभाइले सहयोग गर्ने समय छ ।
धनु : दुराशा र महत्वकांक्षा बढ्ने समय योग छ ।
मकर : साँझेदारी र सहकार्यका कामका लागि सुन्दर समय छ ।
कुम्भ : आत्मबल र निर्णायक क्षमताको वृद्धि हुने समय छ ।
मीन : कला र गलाको प्रभाव बढ्ने समय योग छ ।

प्रकृतिलाई पनि न्याय चाहिन्छ

जलविद्युत्बाट हामीले खुबै कमायौं भनेको १२ अर्ब ४० करोड रुपैयाँ हो । नेपालमा ६ हजारभन्दा बढी नदी बग्छन् । सबै दक्षिणतिर, उत्तरी भू-भागबाट पनि हाम्रा पानीका स्रोतहरु दक्षिणतिरै दौडिन्छन् । स्वच्छ हिमनदीको पेय पानी निर्यात पनि गर्ने प्रयास नभएका होइनन् । खोलाको पानी बग्दाबग्दै घामको ताप र प्रदूषणरहित हावाका कारण स्वच्छ पेय बन्दै जान्छ । नेपालले विगतमा भारत, चीन, हङकङ, संयुक्त अरब इमिरेट्स र जापान तथा केही युरोपेली मुलुकहरूमा 'बोटल्ड वाटर' निर्यात गरेर अनुमानित ६० करोड रुपैयाँको ब्यापार गरेको पाइन्छ ।

प्रा.डा. हरि शर्मा

आजको एक्काइसौं शताब्दीका मानिसहरूलाई, विशेष गरी साक्षर सबै मानिसलाई पानी अर्थात् जलको महत्वबारे बताइरहनुपर्ने विषय त अवश्य होइन, तर हामीकहाँ पानीको दुरुपयोग जसरी चातुर्दिक रूपमा बढ्दै गइरहेको छ, त्यो निश्चित रूपमा कालान्तरमा हाम्रो असामयिक कालको कारण नबन्ला भन्न मिल्दैन । हाम्रो देशको सन्दर्भमा हेर्ने हो भने जनतालाई आधारभूत रूपमा आवश्यक पर्ने पानी पनि देशका सञ्चालकहरूले उपलब्ध गराउनुपर्छ भन्ने हेक्का राख्दैनन् र स्वयं पानीको अर्थतन्त्रमा चुर्लुम्म डुबेर जनताको मौलिक हक र नैसर्गिक अधिकारको हननमा मग्न रहेको देखियो ।

हालै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तीन पूर्व सचिवसहित १५ जनाविरुद्ध मेलम्ची खानेपानी आयोजनामा भ्रष्टाचार गरेको आरोपमा पौने ७ अर्ब रुपैयाँ बिगो माग दाबीसमेत मुद्दा दायर गरेको छ । राजधानीवासीले दशकौंदेखि पर्खिरहेको मेलम्ची धाराको सपनालाई कर्मचारीतन्त्रको (फिलिङ अफ एकाउन्टिबिलिटी भएकाहरूको अपवादसहित) भ्रष्ट नियतले सधैंसधैं धराशायी बनाउँदै आइरहेको छ । घरअगाडि खाल्डो खन्यो, पाइप ओछ्यायो, घरभित्रै प्लास्टिकका पाइप जडान गरिदियो, तर पानी कतै-कतै आउँछ रे ! सातामा एक-दुई दिन र कतै-कतै बिहान उठेर पाइप हेर्ने र आत्मसन्तोष लिएर पानीका लागि प्रकृति दोहनमा जुट्नुपर्ने अवस्था छ राजधानीवासीहरूलाई; मेलम्ची खानेपानी आयोजनाको स्थापना कालपश्चात् गान्धीवादी र वामपन्थी प्रधानमन्त्रीहरूको अत्यन्तै आशावादी उद्गारहरू यहाँका जनताले नसुनेका होइनन् । आयोजनामा धमिरा लागेको जनताले कसरी थाहा पाउन् ?

विश्वमै जलस्रोतको दोस्रो धनी देशका रूपमा परिचित हाम्रो देश नेपाल त दक्षिण एसियाकै लागि पानीको जोहो गरिदिने देश हो । हाम्रा हिमालबाट उद्गम भएका हजारौं हिमनदीको स्वच्छ निर्मल जलले अनेकौं राजनीतिक र कूटनीतिक प्रहारहरूको सिकार बनी स्वयं अस्तित्वको संकट बेहोरिरहेको तथ्यबाट सायदै कोही अनभिज्ञ होला । सिँचाइको अभावमा हाम्रा सुन फलाउने खेतहरू पहेंलिन नपाउँदै ओइलिन्छन् भने सिमानापारि हाम्रा नदीनालाहरूले सिञ्चेको खेतमा धानका स्वर्णिम बाला वा अन्य कृषिजन्य उत्पादनहरूले लहलहिएका देखिन्छन् । जल र मानव श्रमका कारण मित्रराष्ट्र इजरायलले खाद्यान्नको आयात गर्दैन, बरु निर्यात नै गर्न सक्षम छ ।

पिउने बानी स्वच्छ, निर्मल, रंगहीन, स्वादहीन र कीटाणुरहित हुनुपर्छ । तसर्थ, सरकारले जनतामाझ पिउने पानीका रूपमा उपलब्ध गराउने व्यवस्थाको नियमित ढंगले नियमन गर्नु जरुरी छ । हाम्रा सहरी बस्तीहरूमा निःसन्देह पानीको आपूर्तिको ठूलो माग छ । कहिले पानी वाहक ट्यांकरबाट, कहिले बजारमा उपलब्ध अनगिन्ती किसिमका पानीको जारबाट, कहिले सुख्दै गएका ढुंगेधाराहरूबाट, कहिले पोखरीबाट, कहिले प्राकृतिक इनारबाट र धेरैजसो घरमा जमिनमुनिको पानीबाट घरको आवश्यकता परिपूर्ति गर्ने चलन द्रुत रूपले वृद्धि भइरहेको पाइन्छ ।

ती पानी भान्साको प्रयोग वा अन्य प्रयोगका लागि कति उपयोगी वा उपयुक्त छन्, त्यसबारे व्यापक जनचेतनाको खाँचो छ । ट्यांकर वा जारबाट आपूर्ति हुने पानीको वैज्ञानिक जाँच हुन्छ वा हुँदैन । तरल जल देख्नेबित्तिकै सबै बिर्सेर हामीले जलको प्रयोग गर्दै आइरहेको देखिन्छ । कैयौं चोटि त्यस्ता पानीमा आँखैले देख्न सकिने कीरा वा गँड्यौला पाइँदा पनि आपूर्तिकर्ताहरूमाथि सामान्य केरकारबाहेक केही अन्य कारबाही भएको पाइँदैन । भू-माफिया र हवाई-माफियाजस्तै जल माफियाहरूको गिरोह अभेद्य छ भन्ने सुनिन्छ । यसबारे सरकारले गर्दै आइरहेको वैज्ञानिक आधारसहितका सत्यतथ्य कुरालाई सरकारी एवं अन्य माध्यमहरूबाट प्रचार-प्रसार गर्न नितान्त जरुरी छ ।

दक्षिण अफ्रिकाको राजधानी केप टाउनलाई हालै विश्वको पहिलो खडेरी सहर घोषणा गरिएको सन्दर्भमा पंक्तिकार लाई अनुभूत भएका धारणाहरूलाई यहाँ प्रस्तुत गर्ने प्रयास मात्र गरिएको हो । पंक्तिकार स्वयं पानी, जल विशेषज्ञचाहिँ होइन । गत वर्षको अप्रिल १४ देखि नै त्यहाँको सरकारले पानी आपूर्ति गर्न नसक्ने बताएको थियो । स्वशासित क्षेत्र तिब्बतको ल्हासामा पनि होटलहरूमा पानी माग्दा कोही बोल्दैनन् । केपटाउन र ल्हासाको जस्तो अवस्था हामीकहाँ नआउला कसरी भन्नु ? प्रशान्त महासागरको तटमा अवस्थित अस्ट्रेलियाको सिड्नी सहरमा सार्वजनिक शौचालयहरूमा टाँसिएको सूचनाले मन छोएको सम्झें, 'कृपया पानी खेर जान नदिनुहोस् ।

पानीको सीमित प्रयोग. गर्नुहोस् ! संसारको दुःखद यात्रा प्रारम्भ भइसकेको छ । जति मूल वा हिमनदीको पानी भए पनि, जति झरनाबाटै झरेको पानी भए पनि अथवा देशमा जति मेची, महाकाली, गण्डकी र कर्णाली रहे पनि पृथ्वीको पानीको २.७ प्रतिशत मात्र मानवले पिउन योग्य छ । हामीले कदाचित बिर्सन नहुने तथ्य के हो भन्दा असार-साउन-भदौमा नदीहरु जति उर्ले पनि अरु बेला ती सबै सुक्ने गर्छन् । सबै बाँधमा पानीको स्तर पनि घटेको घट्यै छ । काठमाडौंवासीले ध्यान पुर्याउनुपर्ने सत्य कुरा त के हो भने हाम्रा इनारहरू सुख्दै गएका छन्, भूमिगत पानीको सतह पनि घट्दै गइरहेको छ । पानी माफियाले जथाभावी पानी ओसारेर उपलब्ध पानी जस्तै– खोलानाला, पोखरी र झरनाबाट पानी ओसारेर सहरभित्र सुन कमाइरहेका छन् । तिनका पनि दिन सकिन धेरै कुर्नुपर्ने छैन । बिजोग हामी सबैको हुने देखिन्छ ।

जलविद्युत्बाट हामीले खुबै कमायौं भनेको १२ अर्ब ४० करोड रुपैयाँ हो । नेपालमा ६ हजारभन्दा बढी नदी बग्छन् । सबै दक्षिणतिर, उत्तरी भू-भागबाट पनि हाम्रा पानीका स्रोतहरु दक्षिणतिरै दौडिन्छन् । स्वच्छ हिमनदीको पेय पानी निर्यात पनि गर्ने प्रयास नभएका होइनन् । खोलाको पानी बग्दाबग्दै घामको ताप र प्रदूषणरहित हावाका कारण स्वच्छ पेय बन्दै जान्छ । नेपालले विगतमा भारत, चीन, हङकङ, संयुक्त अरब इमिरेट्स र जापान तथा केही युरोपेली मुलुकहरूमा 'बोटल्ड वाटर' निर्यात गरेर अनुमानित ६० करोड रुपैयाँको व्यापार गरेको पाइन्छ ।

आशा गरौं, नेपाल सरकारले आफ्नो नदी-प्रणालीलाई सुव्यवस्थित गर्दै कृषिजन्य भूमिमा सिँचाइ पुर्याउने, घरघरै पानीको धारा पुर्याइदिने, सहरी क्षेत्रमा खाने पानीको अभाव हुन नदिने, पानी माफियाहरूमाथि नियमित निगरानी राख्ने (अर्थात् कस्तो पानीको आपूर्ति भइरहेको छ), प्रदूषित पानीको आपूर्ति गर्नेलाई विधिवत् सजायको व्यवस्था गर्ने, पाइपहरूबाट पानी चुहिने समस्याको तत्कालै मर्मत गर्ने, भूमिगत पानी निकाल्नेहरूका लागि नेपाल सरकारको अनुमति लिनुपर्ने कानुन निर्माण गर्ने एवं पहिले-पहिले वर्षामा आएको पानीलाई रिचार्ज कसरी गर्ने भन्नेबारे जनचेतनामूलक सूचनाहरू सरकारी सञ्चारमाध्यमहरूमा सुनिन्थ्यो, त्यसको पुनः दीर्घकालीन प्रचार-प्रसार आवश्यक रहेको जानिफकारहरू बताउँछन् ।

वर्तमान अवस्थामा सम्पूर्ण विश्व नै जलवायु परिवर्तनको संकटबाट गुज्रिरहेको जगजाहेरै छ । विश्वको जलवायुको तापक्रम पनि बढिरहेको सन्दर्भमा हाम्रा हिमाली चुचुराहरूमा सदैव जमेर बस्ने हिउँहरू द्रुत रूपमा पग्लिरहेका कारण हिमालहरू फगत कालो चट्टानी वेशमा देखिन्छन् । हिमालको सार (एसेंस) हराउँदै गइरहेको चिन्तनीय स्थितिमा देशले गम्भीर भएर सोच्नुपर्ने अवस्था छ । प्रम प्रचण्डले यस विषयलाई बडो विस्तृत प्रस्तुतिसहित सं.रा.सं.ले आयोजना गरेको २०२३ को जलवायु परिवर्तनबारेको अन्तर्राष्ट्रिय सम्मेलनमा विश्वको ध्यानाकर्षण गर्नुभएको थियो, जुन प्रशंसनीय रहेको सबै नेपालीले महसुस गरेका थिए । तापक्रम वृद्धिले प्रकृतिमा हुने वाष्पीकरणका कारण जमिनको पानी हराउँदै जाने सम्भावना प्रबल छ ।

सरोकारवाला मन्त्रालयले यसबारे सचेत हुँदै प्रकृतिको तथा पर्यावरणको संरक्षणका साथै विशेष गर्दै वाष्पीकरणलाई न्यून बनाउँदै लैजानुपर्ने अनिवार्यता टड्कारो रूपमा हाम्रा सामुन्ने आएको छ । अन्यथा, केपटाउन वा पाकिस्तानको अवस्था हामी एवं हाम्रा सन्ततिहरूले भोग्नुपर्ने देखिन्छ । देशलाई जलवायु परिवर्तनको प्रकोपबाट बचाउन हामीसँग रहेका विज्ञ एवं जलवायु अनुसन्धानकर्ताहरुले केन्द्रित भएर एकीकृत रूपमा योजनाहरूको खाका तयार पारि जनचेतना बढाउने प्रयास हुनुपर्छ । यस प्रयासलाई एउटा अभियान वा आन्दोलनका रुपमा जिम्मेवार नागरिकको हैसियतले सफल बनाउनुपर्ने हुन्छ ।

सहरी क्षेत्रमा दैनिक घरआँगन पखाल्ने र गाडी धुने कामलाई सातामा दुई दिन मात्र गर्ने, तर पानी छ्यालछ्याल्ती नबगाउने ।

लगातार पानीको धारा चलाउने काम नगर्ने ।

विभिन्न तरिकाले पानी बचाउने प्रयास गर्ने ।

घरमा पानीको पाइपमा चुहावट देखियो भने त्यसलाई तुरुन्तै मर्मत गर्ने ।

पानी वितरणको पाइप चुहिएको पाइए त्यसबारे अविलम्ब आृनो पालिकामा सूचना दिने ।

बिरुवाहलाई पानी दिँदा स्प्रिंकलरको प्रयोग गर्ने ।

अन्त्यमा अत्यधिक वृक्षारोपण गरौं, वातावरण संरक्षणका लागि हाम्रो हर प्रयासलाई महत्वपूर्ण ढंगले कार्यान्वयन गरौं ।

पानी संरक्षणका लागि उपर्युक्त केही टिप्सबारे छलफल होस् भनी यहाँ प्रस्तुत गरिएको हो । यस आलेखको उद्देश्य मात्र समस्या उठान गर्ने रहेको छ । माथि उल्लेख गरिएका बुँदाहरू आफैंमा पूर्ण छैनन् । यसबारे जनस्तरमा बृहत् विचार-विमर्शको खाँचो छ । मुलुकले आर्थिक संकटलाई लयमा फर्काउन सक्यो वा अझै बाँकी छ, त्यसबारे पुनः छलफलमा आउँला तर भौतिक विकासतर्फ एउटा गति देखिएको छ, भ्रष्टाचारविहीन कुशल नेतृत्व पाएमा देश उन्नत बन्छ नै, त्यसमा कुनै शंका छैन । प्रधानमन्त्रीले भ्रष्टाचारीहरूलाई कुनै छुट नदिऊन् । सरकारमा बसेका नेतृत्ववर्ग र कर्मचारीतन्त्रमा देशप्रति, जनताप्रति आस्था, इमानदारी र कर्तव्य परायणतामा कहिल्यै पनि ह्रास आउन नदिई विकास र समुन्नतिको गतिलाई सदैव लयमा फर्काउने चेष्टामा नचुक्ने मनोबलले मात्र हामी सर्वसाधारण नेपालीको समृद्ध भविष्य निर्माण हुन सक्छ ।

देशको वर्तमान भौतिक विकासलाई योजनाबद्ध तरिकाले नै अगाडि बढाउनुपर्ने देखिन्छ । छड, सिमेन्ट र गिट्टीबाट बनेका संरचना निःसन्देह बलिया हुन्छन् तर प्राकृतिक र पर्यावरणीय पाटो पनि उत्तिकै आवश्यक हुने भएकाले माटो र माटोमाथि रुख र अन्य वनस्पतिले पानीका प्राकृतिक स्रोतहरूको संरक्षण हुन्छ । भविष्यमा आउने हाम्रा सन्ततिहरूका लागि हामीले एउटा सुन्दर, सिञ्चित र आकर्षक वासस्थानको जोहो गरिदिन सक्छौं । अहिलेका लागि पानीको, धरतीमुनिको होस् वा धरतीबाहिरको, प्रणालीलाई सुव्यवस्थित गर्न सहरी क्षेत्रका एवं तराई मधेस र पहाडी क्षेत्रका सम्पूर्ण पालिकाका साथै संघीय सरकारको ध्यान जान आवश्यक छ । जलवायु संकटबाट बच्न पानीको संरक्षणले एउटा अत्यावश्यक काम हुन जाने देखिन्छ । प्रकृतिलाई न्याय दिने नागरिक नै हुन् । *(स्रोतः कारोबारदैनिक)*

अनेरास्ववियु मकवानपुरको अध्यक्षमा बर्तौला चयन

नवनिर्वाचित पदाधिकारी तथा सदस्य सपथग्रहण गर्दै ।

समाज संवाददाता

हेटौंडाः नेकपा एमाले सम्वद्ध विद्यार्थी संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) मकवानपुर जिल्लाको २८औं अधिवेशनबाट अमृत बर्तौला अध्यक्ष चयन हुनुभएको छ । शनिबार बिहान सम्पन्न अधिवेशनबाट बर्तौलाको अध्यक्षतामा ५१ सदस्यीय जिल्ला कमिटी सर्वसम्मत चयन भएको हो। अधिवेशनमा एक समूहले निर्वाचनको माग गर्दै नारावाजी समेत गरेका थिए ।

अधिवेशनबाट उपाध्यक्षमा पुष्कर तिमल्सिना, नवराक शर्मा पौडेल र शिव पुलामी, सचिवमा रामचन्द्र ब्लोन, सह-सचिवमा जस्प्रिता अधिकारी, प्रसिद्ध रेग्मी र साहिल खान, कोषाध्यक्षमा इशा पाखिन र कार्यालय सचिवमा रोजन घिमिरे चयन हुनुभएको छ । नयाँ नेतृत्व चयन लगत्तै सपथ गराइएको थियो । अनेरास्ववियु केन्द्रीय कमिटीका सचिव सुजन कडरीयाको प्रमुख आतिथ्यमा शुक्रबार दिउँसो अधिवेशनको उद्घाटन समारोह भएको थियो ।

नेतृत्व चयनको विषयमा विवाद हुँदा एक समूहले नारावाजी गर्दै निर्वाचनको माग गरेका थिए। बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेल, नेकपा एमाले मकवानपुरका अध्यक्ष एका लाल श्रेष्ठको उपस्थितिमा अनेरास्ववियु मकवानपुरको नयाँ नेतृत्व चयन भएको हो ।

२५० जनाको निःशुल्क मुटु परीक्षण

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा भएको एक दिने निःशुल्क मुटुरोग परीक्षण शिविरमा २५० जनाले सेवा लिएका छन् । ११९ औं अन्तर्राष्ट्रिय रोटरी दिवसको अवसरमा सप्ताहव्यापी कार्यक्रमको अन्तिम दिन शुक्रबार मनहरी-७, रोटरी मार्केटमा निःशुल्क शिविर भएको हो ।

रोटरी क्लब अफ हेटौंडाको आयोजना तथा नेपाल हृदयरोग निवारण प्रतिष्ठान मनहरी शाखासहित, प्रतिष्ठान मकवानपुर जिल्ला शाखाको सहकार्यमा शिविर भएको हो। शिविरमा २५० जनाले सेवा लिएकोमा १३० जनाको ईसीजी गरेको, ५२ जनाको इको र ४७ जनाको अल्ट्रासाउन्डबाट परीक्षण गरिएको थियो। परीक्षण भएकामध्ये सबैको औषधि खाएर निको हुने भेटिएको रोटरी क्लब अफ हेटौंडाका सचिव किशोर पराजुलीले जानकारी दिनुभयो ।

परीक्षणमा समस्या देखिएकाहरुलाई निःशुल्क औषधिसमेत वितरण गरिएको छ। भरतपुरस्थित पुरानो मेडिकल कलेजका कार्यकारी निर्देशक एवम् मुटुरोग विशेषज्ञ डा. मनोज श्रेष्ठ, मन्थली सामुदायिक अस्पतालका मुटुरोग विशेषज्ञ डा. सुमन रन्जितकारलगायत ६ जना विशेषज्ञसहित १३ जनाको प्राविधिक टोलीले स्वास्थ्य परीक्षण गरेको थियो ।

सोही अवसरमा हेटौंडामा मुटुरोग सामुदायिक अस्पताल स्थापनार्थ प्रस्तावना तयारी भइरहेको डा. श्रेष्ठले जानकारी गराउनुभएको छ। रोटरी क्लबले आगामी फागुन १५ देखि १७ गतेसम्म ५ वटा स्थानमा दोश्रो चरणको आँखा शिविर आयोजना गर्दैछ । मोतिबिन्दु देखिएका बिरामीहरुको निःशुल्क शल्यक्रिया रोटरी क्लबले गर्ने जनाएको छ ।

दिवसको अवसरमा रोटरी क्लब अफ हेटौंडाले ६ गतेबाट सप्ताहव्यापी कार्यक्रम सुरु गरेको थियो। क्लबले पहिलो दिन रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रमको दोस्रो दिन सोमबार रोटरियन र रोट्र्याक्टबीच टेबल टेनिस प्रतियोगिता भएको थियो । यस्तै, कार्यक्रमको तेस्रो दिन विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको थियो । बुधबार हुप्रचौर र भुवनेश्वर मन्दिरमा डस्टबिन राखेको र बिहीबार सिद्धार्थ माविमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका डा. सुरेन्द्र शेरचनद्वारा मानसिक स्वास्थ्य अभिमुखीकरण कार्यक्रम भएको थियो । दिवसको अवसरमा हरेका वर्ष क्लबले विभिन्न क्षेत्रमा कार्य गर्दै आएको छ ।

ग्याँसको कमिसन ५ प्रतिशत पुऱ्याउनुपर्छः केन्द्रीय अध्यक्ष थापा

समाज संवाददाता

हेटौंडाः ग्याँस बिक्रेता महासंघ नेपालका केन्द्रीय अध्यक्ष चन्द्र थापाले बिक्रेताको कमिसन ग्याँसको मूल्यमा ५ प्रतिशत तोकिनुपर्ने बताउनुभएको छ । शनिबार हेटौंडामा महासंघ बागमती प्रदेश कार्यसमितिको पाँचौ वार्षिक साधारणसभामा बोल्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

अध्यक्ष थापाले बिक्रेताको कमिसनसँगै व्यवस्थित ग्याँस बजार र डिलर प्रमाणीकरणको काम आफ्नो कार्यकालमै लागू गराउने प्रतिबद्धतासमेत व्यक्त गर्नुभएको छ । उहाँले भन्नुभयो 'ग्यास एक संवेदनशील वस्तु हो । यसको कारोबार व्यवस्थित, मर्यादित र सुरक्षित बनाउनका लागि हाम्रो क्षेत्रमा विभिन्न सुधारहरु गर्नु जरुरी छ। विशेषगरी डिलर प्रमाणिकीकरण पनि एक हो ।'

उहाँले सबै किसिमका सुरक्षाका विधिहरु अवलम्बन गरेरमात्र ग्यास कारोबार गरेको खण्डमा यसबाट हुन सक्ने सम्भावित क्षति र दुर्घटनालाई धेरै हदसम्म न्यूनीकरण गर्न सकिने बताउनुभयो। नेपालमा ग्यास कारोबारलाई व्यवस्थित र सुरक्षित बनाउँदै व्यवसायी आत्मनिर्भर हुनुपर्छ भन्ने सम्बन्धमा महासंघले लामो समयदेखि प्रयास गर्दै आइरहेको उहाँको भनाइ छ ।

ग्याँस बिक्रेता महासंघ नेपाल बागमती प्रदेशका अध्यक्ष बिनोदमान श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा महासंघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष विष्णुप्रसाद दुलाल, उपाध्यक्ष शैलेन्द्रप्रसाद रिजाल, अध्यक्ष सल्लाहकार महेश्वरप्रसाद घिमिरे, केन्द्रीय सल्लाहकार अर्जुन खत्री, मकवानपुर जिल्ला अध्यक्ष केशव मुडभरीलगायतको आतिथ्य रहेको थियो ।

राक्सिराङका कृषकलाई उन्नत जातका गाई वितरण

समाज संवाददाता

हेटौंडाः दूध डेरीको हब बनाउने उद्देश्यले राक्सिराङ गाउँपालिकाले किसानलाई उन्नत जातको गाई वितरण गरेको छ। शुक्रबार एक कार्यक्रमका बीच राक्सिराङ गाउँपालिका-३ का गाईपालक किसानहरुलाई उन्नत जातका १० वटा जर्सी गाई वितरण गरेको हो ।

उन्नत जातको गाईपालन अनुदान कार्यक्रमअन्तर्गत् राक्सिराङ-३ का १० जना किसानलाई गाई वितरण गरिएको छ । ३ नम्बर वडा गाईवस्तु पालन गर्न उपयुक्त स्थान रहेको भन्दै गाउँपालिका अध्यक्ष राजकुमार मल्लले दूधलगायत दूधबाट बनेका अन्य सामग्रीहरु बजारीकरण गर्न सजिलो हुने बताउनुभयो। उन्नत जातका गाईबाट नश्ल सुधार गरी सबैलाई जीवन निर्बाह गराउने र बजार व्यवस्थापन दिगो बनाउने उहाँको भनाइ छ ।

किसानको मागलाई ध्यानमा राखी ठाउँअनुसारको पकेट क्षेत्र बनाउँदै जाने योजना रहेको अध्यक्ष मल्लले जानकारी दिनुभयो । मौरी, चिउरी, गाई, बाख्रा, तरकारीलगायतको पकेट क्षेत्र बनाउँदै लैजाने उहाँले बताउनुभयो। वितरण गरिएको गाईको पूर्ण बिमा रहेको छ। कुनै आवश्यक समस्या परेमा पशुपछी विकास शाखालाई खबर गर्न भनिएको छ। कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बनस्तम थिङ, प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौला, वडा नम्बर ३ का अध्यक्ष उत्तम वाईबा, सचिव भावना कँडेललगायतको आतिथ्य रहेको थियो ।

आजबाट दादुरा...

लागेको हो । खोप अभियानमा पहिले लगाउन छुटेका खोपमध्ये खोपको विवरण खोप कार्ड भएमा डीपीटी, हेपाटाइटीस बी, पीसीभी र आईपीभी खोप पनि लगाउन पाइनेछ ।

मकवानपुरमा खोप लागाउनका लागि हेटौंडा उपमहानगरपालिकामा एक सय २८ वटा खोप केन्द्र तोकिएको छ । यस्तै, थाहा नगर पालिकामा ४३ वटा, इन्द्रसरोवर गाउँपालिकामा १६ वटा, भीमफेदी गाउँपालिकामा ३८ वटा, कैलाश गाउँपालिकामा ५१ वटा खोप केन्द्र तोकिएको छ। मनहरी गाउँपालिकामा ४८ वटा, रक्सिराङ गाउँपालिकामा ५३ वटा, मकवानपुर गढी गाउँपालिकामा ३९ वटा, बकैया गाउँपालिकामा ५४ वटा र बागमती गाउँपालिकामा ५० वटा खोप केन्द्र तोकिएको छ । स्वास्थ्य कार्यालय मकवानपुरले दादुरा-रुबेला खोप अभियानका लागि तीन सय ४० जना स्वास्थ्यकर्मीलाई तामिल दिएको छ ।

बागमती प्रदेशमा ९ प्रतिशत बालबालिकाहरु पूर्णखोप लगाउन छुटेका छन्। एनडीएचएस २०२२ अनुसार बागमती प्रदेशमा ५ महिनादेखि ५ वर्ष मुनिका ९ प्रतिशत बालबालिकाले पूर्णखोप लगाएका छैनन् । बागमती प्रदेशले ८ लाख ४९ हजार ३ सय २५ जना बालबालिकालाई खोप लगाउने लक्ष्य लिएको छ ।

दादुरा-रुबेला खोप अभियानको मुख्य उद्देश्य सन् २०२६ सम्म दादुरा-रुबेला रोग निवारण गर्ने रहेको छ। प्रदेशमा ९५ प्रतिशत हुनुपर्नेमा ८३ प्रतिशत बालबालिकाले मात्र पूर्णखोप लगाएको तथ्याङ्क रहेको छ । एनडीएचएस २०२२ अनुसार बागमती प्रदेशमा १६ प्रतिशत बालबालिका पूर्णखोपबाट वञ्चित भएका छन् भने ४ प्रतिशत बालबालिकाहरुले एउटा डोज पनि खोप लगाएका छैनन् ।

राष्ट्रमा पूर्णखोप लगाउने बालबालिकाको संख्या ५२ प्रतिशत रहेको छ । ९५ प्रतिशत बालबालिका कभरेज हुनुपर्नेमा बागमती प्रदेशमा कभरेज कम भएको छ भने सबै तहमा एकरुपता छैन। हालसम्म देशका धनुषा, महोत्तरी, रौतहट, पर्सा, नुवाकोटबाहेक ७२ जिल्ला र ६ सय ३३ वटा स्थानीय तहमा खोप कार्यक्रम घोषणा गरिएको छ।

राक्सिराङका कृषकलाई बोयर बोका

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिकाले कृषकहरुलाई ११ वटा बोयर जातको बोका वितरण गरेको छ । गाउँपालिकाले एक कार्यक्रमका बीच शुक्रबार विभिन्न वडाका ११ जना कृषकलाई ११ वटा उन्नत जातको बोयर बोका वितरण गरेको हो ।

व्यावसायिक पशुपालन प्रबर्द्धन कार्यक्रमअन्तर्गत् गाउँपालिकाको विभिन्न वडाका ११ जना कृषकलाई बोयर बोका वितरण गरेको हो । बोका वितरण गर्नुहुँदै गाउँपालिका अध्यक्ष राजकुमार मल्लले व्यावसायिकरुपमा बाख्रा पालन गरे स्थानीय सरकारले पूर्णरुपमा सहयोग गर्ने बताउनुभएको छ ।

वडाको मागअनुसार मौरी, चिउरी, गाईलगायतका विभिन्न कृषिमा निर्भर हुने आयमूलक कार्यमा सहयोग रहने उहाँले बताउनुभयो। 'हाम्रो क्षेत्रमा बाख्रा पालनको लागि राम्रो ठाउँ भएकाले बाख्रा पकेट क्षेत्र बनाउँदैछौं', अध्यक्ष मल्लले भन्नुभयो- 'बाख्राको लागि उन्नत घाँसको व्यवस्था पनि हुनेछ।' कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बनस्तम थिङ, प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौला, पशुपछी शाखाका संगम विश्वकर्मालगायतको आतिथ्य रहेको थियो।

मकै खेतीमा राईगाउँका किसानको आकर्षण

रवीन्द्र वाईबा

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिका-२, राईगाउँमा मकै खेतीमा किसानहरुको आकर्षण बढ्न थालेको छ। स्थानीय सरकारबाट उन्नत जातको बीउ र कृषियन्त्रको अनुदानले किसानहरु मकै खेतीमा आकर्षित हुन थालेका हुन् ।

बागमती-२ का वडाध्यक्ष जनक पहरीले वडाले मकैको बीउ वितरण र कृषियन्त्र वितरण गरेसँगै राईगाउँमा किसानहरु मकै खेतीतर्फ आकर्षित हुन थालेको बताउनुभयो। वडाले चालु आर्थिक वर्षमा ८ लाख रुपैयाँको मकैको बीउ २ सय २१ जना किसानलाई वितरण गरेको छ । किसानहरुलाई १ हजार २ सय ७० किलो श्रेष्ठ जातको हाइब्रिड मकैको बीउ वितरण गरेकोमा अहिले ६४ विघामा मकै खेती भइरहेको छ । वडाध्यक्ष पहरीले चालु आर्थिक वर्षमा वडाभित्र ३० वटा कृषि मोटर अनुदानमा दिएको र १० वटा वितरण गर्ने चरणमा रहेको बताउनुभयो ।

अहिले क्रेन सिंचाईमार्फत् बागमती खोलाको पानी खेतसम्म ल्याउन सफल भएपछि मकै खेती गर्न सम्भव भएको हो । यसअघि दुई बालीमात्र हुने र हिउँदको समयमा जमिनहरु खाली हुने गर्दथ्यो। वडाध्यक्ष पहरीका अनुसार अझै पनि सिंचाई पर्याप्त छैन ।

राईगाउँको सबै खाली खेतीयोग्य जमिनमा उत्पादन भएमा राईगाउँलाई अन्न भण्डारको रुपमा विकास गर्न सकिने उहाँको भनाइ छ । उहाँले सरकारको लगानी र जनताको श्रम भन्ने अभियानका साथ खेतीयोग्य जमिनहरु खाली नराख्ने उद्देश्यले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरेको छ । उहाँले आगामी आर्थिक वर्षमा १० करोड रुपैयाँ बराबरको मकै उत्पादन गर्ने लक्ष्य वडाले लिएको बताउनुभयो । खेतीयोग्य जमिन खाली भएमा वडा आफैंले भाडामा लिएर खेती गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो। मकै खेती राम्रो भएमा भोकमरीको अन्त्य र गरिबी पनि कम उहाँको विश्वास छ।

पालिकाका आर्थिक तथा कृषि शाखाका संयोजक उत्तरबहादुर भोलनले राईगाउँ क्षेत्रमा पहिला उदासलाग्दो जमिनमात्र भएकोमा अहिले मकै खेतीले हरियाली भएको बताउनुभयो । अहिले किसानहरुको उपलब्धीमूलक मिहिनेत मकै खेतीमा देखेको उहाँको भनाइ छ । सरकारले यो क्षेत्रमा कृषिको विकास गर्न थप बजेट विनियोजन गर्न आवश्यक रहेको उहाँले बताउनुभयो ।

पहिला आत्मनिर्भर हुनका लागि गर्ने मकै खेती अहिले व्यावसायिक बन्दा आफूलाई खुशी लागेको उहाँले बताउनुभयो। उहाँले गाउँपालिकाले किसानलाई मध्यनजर गर्दै कृषि क्षेत्रमा बजेट विनियोजन गरेको बताउनुभयो । यसवर्ष पालिकाले कृषि क्षेत्रमा ३ करोडभन्दा बढी बजेट विनियोजन गरेको उहाँले बताउनुभयो ।

पालिकाका कृषि शाखाका प्रमुख तथा कृषि प्राविधिक वीरेन्द्र समालले थोरै लगानीमा मकै खेती गर्न सकिने बताउनुभयो। उहाँले राईगाउँ मकै खेतीका लागि उपयुक्त उर्वरभूमि भएको बताउनुभयो । अहिले स्थानीय सरकारले बीउ र सिंचाईको व्यवस्था गरेपछि किसानलाई खेती गर्न सहज भएको उहाँको भनाइ छ ।

वडाको बजेटमा कृषि कार्यक्रमअन्तर्गत् मुख्य बालीको रुपमा मकैलाई प्रवर्द्धन गर्न र आयआर्जन गर्न मकै खेतीमा बढी लगानी गरेको उहाँले बताउनुभयो। उहाँले किसानहरुलाई खेती गर्नुभन्दा अगाडि खेतीबारे निःशुल्क तालिम दिएको बताउनुभयो । पालिकाका कृषि प्राविधिकहरुले समयमा अनुगमन गर्दा यसवर्ष फौजी किरा लाग्न नपाएको उहाँको भनाइ छ। उहाँले अहिले भइरहेको मकै खेती सिंचाईबाट सम्भव भएको बताउनुहुँदै अझै सिंचाईको समस्या समाधान भएमा यस क्षेत्रलाई अन्न उत्पादनको पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने बताउनुभयो । उहाँले यस वर्ष मकैबाट १ करोडभन्दा बढी आयआर्जन हुने अनुमान गरिएको बताउनुभयो ।

कृषक विक्रमकुमार घिमिरेले अहिले आफू मकै खेतीमा लाग्दा खुशी रहेको बताउनुभयो । गत वर्ष आफैंले ५ कठ्ठा जमिनमा मकै खेती गर्दा ५० हजार रुपैयाँभन्दा बढीको मकै बेच्न सफल भएको भन्दै उहाँले यो पटक मकैको बीउ पनि अनुदानमा पाएको र मकै राम्रोसँग सप्रेका कारण ३ लाख रुपैयाँभन्दा बढीको आर्यआर्जन हुने अनुमान गरेको बताउनुभयो। घिमिरेले अहिले २५ कठ्ठा जग्गामा मकै खेती गर्नुभएको छ। मकै खेती गर्नुभन्दा अगाडि त्यो जमिनहरु सबै बाँझो नै हुने उहाँको भनाइ छ । अहिले सिंचाई, मकै बीउ अनुदान र कृषि प्राविधिकहरुको सहयोगले मकै खेती भइरहेको उहाँको भनाइ छ ।

अर्का किसान नारायणप्रसाद देवकोटाले राईगाउँमा सिंचाईको सुविधा हुन थालेसँगै मकै खेती बढ्न थालेको बताउनुभयो । योभन्दा अगाडि आफूले आफ्नै लगानीमा पानी तान्ने मोटर किनेर गतवर्ष १ लाख २० हजार रुपैयाँको मकै बिक्री गर्न सफल भएको उहाँले बताउनुभयो । यसपटक आफूले १६ कठ्ठामा मकै खेती गरेको उहाँले बताउनुभयो । कार्तिकमा रोपेको मकै चैत अन्त्यसम्म पाक्ने उहाँले बताउनुभयो । मकै उत्पादन र आम्दानी दुबै हुने बताउनुहुँदै उहाँले पालिकाले अझै कृषिमैत्री कार्यक्रम ल्याउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

नियमित साहित्य सन्ध्या सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-४ स्थित साहित्य संगम मकवानपुरको सभाहलमा ३४० औं नियमित साहित्य सन्ध्या सम्पन्न भएको छ। सन्ध्यामा तुलसी घिमिरेले लेख्नुभएको कविता संग्रह माटोको मोह लोकापर्ण समारोह भएको हो।

माटोको मोहका लेखक घिमिरेका अनुसार पुस्तकभित्र ४२ वटा कविताहरु छन्। कविताहरु कुनै छोटो र कुनै लामो रहेको उहाँले जानकारी दिनुभयो । देश बाहिर जानेहरुलाई देशभित्र आएर केहि गर्नुपर्ने, आफ्नो देशको माटोलाई माया गर्नुपर्छ भन्ने धारणाले यो पुस्तक लेखेको उहाँले जानकारी दिनुभयो।

विद्यालय तहका विद्यार्थीहरुबीच कथा प्रतिस्पर्धा गराएर उत्कृष्ट हुने विद्यार्थी समर्पण न्यौपानेलाई शेषजङ स्मृति कथा पुरस्कारबाट ५ हजार रुपैयाँ नगद राशिसहित सम्मानपत्रले सम्मान गरिएको छ । यसैगरी निबन्धमा उत्कृष्ट हुने सुजिताकुमारी विश्वकर्मालाई णकुमारी स्मृति साहित्य पुरस्कारबाट ५ हजार रुपैयाँ नगद राशिसहित सम्मानपत्रले सम्मान गरिएको छ। कार्यक्रम हेटौंडा-४ का वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा भएको थियो। अग्रज साहित्यकार आरसी रिजालको आतिथ्यरहेको कार्यक्रममा ७ जनाले कविता वाचन र १ जनाले गजल वाचन गरेका थिए।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

बक्सिङको प्रदेशस्तरीय छनोट

मकवानपुरका राईलाई स्वर्ण, आशुतोष र दिपेशलाई रजत

नवनिर्वाचित पदाधिकारी तथा सदस्य सपथग्रहण गर्दै ।

समाज संवाददाता

हेटौंडाः अन्तरप्रदेश खेलकुद-२०८० का लागि खेलाडी छनोट गर्ने उद्देश्यले आयोजना गरिएको बागमती प्रदेशस्तरीय बक्सिङको छनोट खेलमा मकवानपुरका सोहन राईले स्वर्ण पदक जितेका छन् भने आशुतोष पुरुष ढकाल र दिपेश श्रेष्ठले रजत पदक जितेको छ । बिहिबार र शुक्रबार ललितपुरमा भएको छनोट खेलमा स्वर्ण पदक विजेता सोहन राईले अन्तर प्रदेश खेलकुद प्रतियोगितामा सहभागिताको अवसर पाएका छन् ।

साढे ६३ केजी तौल समूहमा सोहन राईले ललितपुरका खेलाडीलाई पराजित गर्दै स्वर्ण पदक जितेको बक्सिङ खेलका प्रशिक्षक लाला पौडेलले जानकारी दिनुभएको छ । यस्तै ६० केजी तौलसमूहमा आशुतोष पुरुष ढकाल भाइव बक्सिङका खेलाडीसँग पराजित हुँदै रजतमा चित्त बुझाउन बाध्य भयो भने ७१ केजी तौलसमूहमा दिपेश श्रेष्ठ काठमाडौंका खेलाडीसँग पराजित हुँदै रजत पदकमा सीमित हुन बाध्य भएको प्रशिक्षक पौडेलले बताउनुभयो ।

राष्ट्रपति रनिङ शिल्ड खेल्ने खेलाडीलाई बन्द प्रशिक्षणमा राखिने

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला खेलकुद विकास समितिले जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताबाट प्रदेशस्तरीय प्रतियोगिताका लागि छनोट भएका खेलाडीहरुलाई आज आइतबारबाट बन्द प्रशिक्षणमा राख्ने भएको छ। जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइरालाले एक सूचना प्रकाशन गर्नुहुँदै जिल्लाबाट छनोट भएका खेलाडीहरुलाई १ सातासम्म बन्द प्रशिक्षणमा राख्न लागेको जानकारी दिनुभएको हो ।

जिल्लाका १० वटै पालिकाबाट छनोट भएका खेलाडीहरुलाई दिउँसो १ बजे जिल्ला खेलकुद विकास समितिमा उपस्थित हुन कोइरालाले अनुरोध गर्नुभएको छ । जिल्ला खेलकुदको नेतृत्वमा १ सातासम्म सञ्चालन हुने बन्द प्रशिक्षणमा एथ्लेटिक्स, भलिबल, कराँते, कबड्डी, उसुलगायतका खेलबाट करिब १ सय जना खेलाडीहरु सहभागी हुनेछन् ।

प्रशिक्षणमा सहभागी हुने खेलाडीहरुले खाने र बस्ने सुविधा पनि पाउने जनाइएको छ। बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता आगामी फागुन २१ र २२ गते चितवनको भरतपुरमा हुने भएको छ ।

शिक्षकले आफूलाई मूल्यांकन गर्नुपर्छः कांग्रेस सहमहामन्त्री पाण्डे

समाज संवाददाता

हेटौंडाः नेपाली कांग्रेसका केन्द्रीय सहमहामन्त्री बद्रीप्रसाद पाण्डेले सबै शिक्षकहरुले आफ्नो मूल्यांकन गर्नुपर्ने बताउनुभएको छ। शनिबार नेपाल शिक्षक संघ जिल्ला कार्यसमितिको २२ औं प्रतिनिधिसभालाई सम्बोधन गर्नुहुँदै सहमहामन्त्री पाण्डेले सबै शिक्षकहरुले आफ्नो मन, वचन र कर्मले कर्तव्यपालना गर्नुपर्ने बताउनुभएको हो ।

उहाँले विद्यालयका शिक्षकहरुले विद्यालयलाई दिनुपर्ने योगदान दिएको छ कि छैन ? भन्ने कुराको ख्याल गर्नुपर्ने बताउनुभएको छ । शिक्षा क्षेत्रमा १७ प्रतिशत बजेट लगानी भएता पनि बजेटको दर घट्दै गएको बताउनुभयो । कतिपय विद्यालयका शिक्षकहरुले विद्यार्थीलाई कक्षा चढाउन सके पनि गुणस्तरीय शिक्षा प्रदान गर्न नसकेको उहाँको भनाइ छ ।

राज्यले सबै शिक्षकहरुलाई दिनुपर्ने सुविधाबाट पछि हट्न नहुने उहाँले बताउनुभयो। नेपालका शिक्षकहरुले दिएको योगदानको तुलना गर्न नसकिने उहाँको भनाइ छ । माओवादीले चलाएको हिसात्मक द्वन्द्वका कारण ४३ जना शिक्षकहरुले ज्यान गुमाउनुपरेको बताउनुहुँदै त्यो कुराको स्मरण गरेर शिक्षकले आलोचनात्मकरुपले आफूलाई चिन्नुपर्ने उहाँले बताउनुभयो। आलोचना र शुद्धिकरणको माध्यमले मानिस शिखर चढ्नसक्ने उहाँले प्रष्ट पार्नुभयो ।

बालबालिकालाई पढाउने शिक्षकको तलब एकदमै न्यूनतम हुने, बाल शिक्षकलाई प्राथमिकतामा नराखेर स्वयम्सेवकको रुपमा तुलना गर्ने गरेकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो। नयाँ शिक्षा ऐन निर्माण नभएका कारण ८ देखि १० औं संशोधनमा भार बन्दै गएको उहाँले बताउनुभयो । विभिन्न समाजवादी देशहरुमा निःशुल्क शिक्षा दिएको भन्दै फरक तरिकाबाट पैसा असुल्ने गरेको बताउनुभयो । अर्थतन्त्रलाई अरु क्षेत्रमा विभाजन गरेजस्तै निजी विद्यालयलाई पनि त्यही ढंगबाट विभाजन गर्नुपर्ने भन्दै नेपाली कांग्रेसको योगदानबाट देशलाई समृद्ध बनाउनुपर्ने बताउनुभएको छ ।

सांसदले संसदीय काम नगरेमा देश गुणस्तर हुन नसक्ने पाण्डेले बताउनुभयो। संघीयतामा गएपछि निजामती ऐन बन्न नसकेको भन्दै उहाँले ३ तहको अधिकारलाई कसरी परिभाषित गर्न सकिन्छ भन्ने कुरामा सबै लाग्नुपर्ने बताउनुभयो । ३ तहको अधिकारलाई प्रभावकारी कार्यान्वयनको उपाय निकाल्नुपर्नेमा उहाँले जोड दिनुभयो।

शिक्षक संघ मकवानपुरका अध्यक्ष गणेशप्रसाद हुमागाईको सभाध्यक्ष तथा सहमहामन्त्री पाण्डेको प्रमुख आतिथ्यमा कार्यक्रमको उद्घाटन भएको हो । कार्यक्रममा नेपाली कांग्रेसका जिल्ला सभापति बुद्ध लामाले शिक्षकहरुको सन्दर्भमा धेरै कुराहरु कुराहरु आएको बताउनुभयो । शिक्षकहरुका कारण मानिसहरुले प्रगतिको शिखरमा पुग्ने गरेको बताउनुहुँदै शिक्षक नभएको भए समाजको अवस्था कस्तो हुन्थ्यो भन्ने कुरा बुझ्नुपर्नेमा उहाँले जोड दिनुभयो। शिक्षकलाई कसरी सम्बोधन गर्ने ? कसरी मर्यादित बनाउनुपर्ने भन्ने कुरा व्यापक रुपमा चलिरहेको लामाले बताउनुभयो। शिक्षा क्षेत्रमा कसरी भातृत्व कायम गर्न सकिन्छ भन्ने कुरामा सबै शिक्षकहरु लाग्नुपर्ने उहाँले बताउनुभयो।

समुदायमा भएको विद्यालयलाई कसरी व्यवस्थित गर्ने र निजी क्षेत्रमा कसरी लग्ने भन्ने कुरालाई प्राथमिकता दिनुपर्ने उहाँले बताउनुभयो । कति मानिसहरु राजनैतिक दलमा लागेर आफ्नो पेसा व्यवसायलाई पनि प्राथमिकता नदिने गरेको उहाँले बताउनुभयो । नेपाल शिक्षक संघ मकवानपुरका पूर्वअध्यक्ष अर्जुन चौलागाईंले कक्षाकोठाको गतिविधिमा सुधार ल्याउन सबै शिक्षकले विद्यार्थीहरुसँग नम्र व्यवहार गर्नुपर्ने बताउनुभयो। राज्यले शिक्षकको उच्च मूल्यांकन गर्नुपर्ने चौलागाईंले जोड दिनुभयो । राज्यले तहगतरुपमा शिक्षक दरबन्दीको व्यवस्था गर्न नसकेको बताउनुभयो । शिक्षकको दरबन्दीको विषयमा राज्य निराश भएको उहाँको भनाइ छ । शिक्षकको पेसालाई अरुसँग तुलना नगर्न उहाँले आग्रह गर्नुभयो ।

उद्घाटन कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दीनानाथ गौतम, नेपाल शिक्षक संघ मकवानपुरका सल्लाहकार दीपकलाल खतिवडा र शिक्षक संघ मकवानपुरका निवर्तमान अध्यक्ष रामकुमार अधिकारीलगायतको आतिथ्य थियो। शिक्षक संघका सचिव धनबहादुर लामाले गत आर्थिक वर्ष २०७९/८० को खर्च र आम्दानीको विवरण पेश गर्नुभएको छ। उहाँले गत आर्थिक वर्षमा ७ लाख १० हजार ३ सय ६६ रुपैयाँ आम्दानी र २ लाख ८० हजार १ सय ९० रुपैयाँ खर्च भएको जानकारी दिँदै ४ लाख ३० हजार १ सय ७६ रुपैयाँ मौज्दात रहेको प्रतिवेदन पेश गर्नुभएको हो ।

कार्यक्रममा जाजरकोटको भूकम्पपीडितलाई सहयोग गर्ने र संस्थाको आर्थिक गतिविधिमा सहयोग गर्नेहरुलाई सम्मानपत्र प्रदान गरिएको थियो। शिक्षक संघका सचिव श्रीराम लुईंटेलले भावी योजनाबारे जानकारी दिनुभयो । उहाँले आगामी वर्षमा नवीकरण गरेर सांगठनिक क्रियालापको कार्यक्रममा सहभागी जुट्ने बताउनुभयो । सबै पालिकाहरुमा नेतृत्व विकास र गुणस्तर शिक्षासम्बन्धी गोष्ठी सञ्चालन गर्ने बताउनुभयो । स्थानीय कार्यलाई सबल बनाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने उहाँको भनाइ छ । शैक्षिक अवलोकनजस्ता कार्यहरु सञ्चालनका निम्ती पहल गर्ने, अहिलेसम्म भएको गतिविधिहरुलाई समेटेर स्मारिका तयार पार्ने जनाइएको छ। नेपाल शिक्षक संघको भवन निर्माणका लागि पहल गर्ने उहाँको भनाइ छ ।

तरुण दलको आयोजनामा रक्तदान

समाज संवाददाता

हेटौंडाः नेपाल तरुण दल हेटौंडा उपमहानगरपालिका ७ नम्बर वडा समितिको आयोजनामा शनिबार बिहान रक्तदान कार्यक्रम भएको छ। हेटौंडा-७, नागस्वतीचोकमा भएको कार्यक्रममा २७ जनाले रक्तदान गरेका छन् ।

रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो । यसअघि फागुन ६ गते रोटरी क्लब अफ हेटौंडाले आयोजना गरेको कार्यक्रममा २३ जनाले रक्तदान गरेका थिए भने फागुन ७ गते प्रजातन्त्र दिवसको अवसरमा मनकामना टोल विकास संस्थाले आयोजना गरेको कार्यक्रममा ३२ जनाले रक्तदान गरेका थिए ।

मदिरा व्यवसायी संघको साधारणसभा

समाज संवाददाता

हेटौंडाः मदिरा व्यवसायी संघ मकवानपुरको वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ । संघका कार्यवाहक अध्यक्ष केदार श्रेष्ठको अध्यक्षता तथा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालको प्रमुख आतिथ्यमा साधारणसभाको उद्घाटन कार्यक्रम भएको हो ।

साधारणसभामा संघका महासचिव श्याम बासुकलाले प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । साधारणसभामा होटल एसोसिएसन मकवानपुरका अध्यक्ष दिलिश गोविन्द जोशी, मदिरा व्यवसायी महासंघ केन्द्रीय सल्लाहकार धर्मकृष्ण श्रेष्ठ, मदिरा व्यवसायी संघ मकवानपुरका संस्थापक अध्यक्ष सत्यमान श्रेष्ठ, निवर्तमान अध्यक्ष समेन्द्र पौडेल, पूर्वअध्यक्ष माधव ज्ञवालीको पनि आतिथ्य रहेको थियो ।

खेलकुद महासंघ हेटौंडाको अध्यक्षमा बल

समाज संवाददाता

हेटौंडाः नेकपा एमाले निकट नेपाल खेलकुद महासंघ हेटौंडा उपहानगर कमिटीको अध्यक्षमा संग्राम बल चयन हुनुभएको छ । शनिबार भएको दोस्रो अधिवेशनबाट बल अध्यक्षमा सर्वसम्मत चयन हुनुभएको हो ।

बलको अध्यक्षतामा १९ सदस्यीय नगर समिति घोषणा भएको छ। समितिको उपाध्यक्षहरुमा शंकरगोपाल खड्की र प्रेमनाथ महतो चयन हुनुभएको छ। यस्तै, सचिवमा विवेकानन्द न्यौपाने, उपसचिवमा सुजिता थापा र सुदर्शन खतिवडा तथा कोषाध्यक्षमा सुरेन्द्र ढकाल चयन हुनुभएको छ । नयाँ निर्वाचित कार्यसमितिको कार्यकाल डेढ वर्षको हुनेछ ।

अधिवेशनको अवसरमा महासंघले तीन जना खेलाडीहरुलाई सम्मान गरेको छ। नेपाली राष्ट्रिय क्रिकेट टिमका सदस्य रिजन ढकाल, १९ वर्षमुनीको महिला राष्ट्रिय फुटबल टिममा पर्न सफल सजिना स्याङ्तान र उदयमान खेलाडीको रुपमा अनिष महर्जनलाई सम्मान गरिएको हो । ढकाल र स्याङ्तानलाई ८-८ रुपैयाँ र महर्जनलाई नगद ४ हजार रुपैयाँसहित सम्मान गरेको हो ।

नेपाल खेलकुद महासंघका केन्द्रीय महासचिव धरम लामाको प्रमुख आतिथ्यमा भएको अधिवेशनमा नेकपा एमालेका केन्द्रीय सदस्य रामेश्वर राना, केन्द्रीय सल्लाहकार विभागका सदस्य डोरमणि पौडेल र जिल्ला अध्यक्ष सविन मोक्तानलगायतको आतिथ्य रहेको थियो ।

एकै दिन ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा एकै दिन ४ जनाको मृत्यु भएको छ। चितवन, र सुवा, काभ्रेपलाञ्चोक र दोलखा जिल्लामा एकैदिन ४ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

चितवन जिल्लाको खैरहनी नगर पालिका-१०, कठारमा मोटरसाइकल अनियन्त्रित भई पल्टिँदा मोटरसाइकल चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा ३४ वर्षीय दिलिप चौधरी रहेको प्रहरीले जानकारी दिएको छ। शुक्रबार ना ४५ प ७७९८ नम्बरको मोटरसाइकल दुर्घटना भई पल्टिरहेको अवस्थामा प्रहरी टोली पुगेको थियो । प्रहरी टोली पुग्दा चौधरी घटनास्थलमा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

रसुवा जिल्लाको आमाछोदिङ्मो गाउँपालिका-१, हाकुवेशीमा ढुङ्गाले लागेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ठूलो हाकुका ४५ वर्षीय दावा नुर्बु तामाङ रहेको प्रहरीले जानकारी दिएको छ । शुक्रबार साँझ ५ बजेर ३० मिनेटको समयमा निर्माणाधिन माथिल्लो त्रिशुली थ्री ए (२१६) हाइड्रो पावरको ड्याम साईडमा लेवरको काम गर्ने तामाङ काम गरी रहेको अवस्थामा अचानक भिरबाट ढुङ्गा खसी लाग्दा घाइते भएका थिए । घाइते तामाङलाई उपचारका लागि काठमाडौंस्थित ग्राण्डी अस्पताल लगिएकोमा उपचारको क्रममा शुक्रबार राती १० बजेको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेल नगरपालिका-१२, शंखुपाटीमा एकजना पुरुष मृत फेला परेका छन् । शुक्रबार बिहान १० बजेर ४० मिनेटको समयमा मानव कल्याण समाजमा डेढ बर्ष अगाडि जिल्ला प्रहरी परिसर भक्तपुरबाट उद्धार गरी लगिएको नामथर नखुलेको अन्दाजी ४२ वर्षीय पुरुष मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, दोलखा जिल्लाको जिरी नगर पालिका-९, ठुलोपातलमा रुखले लागेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ३८ वर्षीया अनिता तामाङ रहेको प्रहरीले जानकारी दिएको छ । शुक्रबार बिहान १० बजेर ३० मिनेटको समयमा आफ्नै बारीमा रुख काटी डोरीले तान्ने क्रममा सो रुखको माथिल्लो भाग भाँचिएर टाउकोमा लाग्दा तामाङ घाइते भएकी थिइन् । घाइते तामाङलाई उपचारका लागि जिरी अस्पताल लैजाँदै गर्दा बाटोमै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

हाजिरीजवाफमा नानीमाया बालक्लब प्रथम

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-१ स्थित वडा बाल सञ्जालले शनिबार हाजिरीजवाफ प्रतियोगिता गरेको छ । प्रतियोगितामा १९ वटा बालक्लबमध्ये १२ वटा बालक्लब सहभागी भएको बालमैत्री वडा सहजकर्ता कृष्टिना मैनालीले जानकारी दिनुभयो ।

प्रतियोगितामा प्रथम हुने नानीमाया बालक्लबलाई र द्वितीय हुने विन्दबासिनी बालक्लबलाई शैक्षिक सामग्रीसहित प्रमाणपत्र वितरण गरिएको छ। सहभागी सम्पूर्णलाई प्रमाणपत्र दिइएको सहजकर्ता मैनालीले जानकारी दिनुभयो ।

मनु दहालको सभाध्यक्षतामा भएको प्रतियोगितामा हेटौंडा उपमहानगरपालिका-१ को वडा अध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्य रहेको थियो ।

सिद्धार्थ र चौकीटोल तेक्वान्दो डोजाङमा ग्रेडिङ

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित सिद्धार्थ तेक्वान्दो डोजाङ र हेटौंडा-१ स्थित चौकीटोल तेक्वान्दो डोजाङको ग्रेडिङ कार्यक्रम सम्पन्न भएको छ । शनिबार हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयको चौरमा ग्रेडिङ कार्यक्रम सम्पन्न भएको हो ।

सिद्धार्थ डोजाङका २६ जना र चौकीटोल डोजाङका १३ जना गरी ३९ जना विद्यार्थीहरुको ग्रेडिङ गरिएको सिद्धार्थ डोजाङका प्रशिक्षक युसुफ हुसेनले जानकारी गराउनुभएको छ। ग्रेडिङमा सहभागी भएका खेलाडीहरुलाई प्रशिक्षक हुसेनले बधाईसमेत दिनुभएको छ । प्रशिक्षक हुसेनका अनुसार ३-३ महिनाको अवधिका ग्रेडिङ हुने गरेको छ। ग्रेडिङ कार्यक्रममा जनज्योति डोजाङका प्रमुख बिमल बिक र तेक्वान्दो प्रशिक्षक निरुकुमारी मगरको पनि उपस्थिति रहेको थियो । सिद्धार्थ तेक्वान्दो डोजाङमा नियमित ३० जना विद्यार्थीहरु प्रशिक्षणमा सहभागी हुने गरेका छन् ।

डढेँलोबाट बचौं र बचाऔं ।

- सलाई लाईटरजस्ता प्रज्वलनशिल वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं ।
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रो गरी निभाऔं,
- हाम्रो सानो असावधानीले जंगल मात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

पेम्बा लामा
वडा अध्यक्ष तथा
१३ नम्बर वडा कार्यालय परिवार

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ